# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

खण्डः १ संख्याः १२ मितिः २०७८/१२/१८

## भाग-२

## भरतपुर महानगरपालिका सार्वजनिक खरिद कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७८

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका सार्वजनिक खरिद कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७८

कार्यपालिका पारित मितिः २०७८/१२/१८

**प्रस्तावनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७)को अनुसुचि-१ र नियम १२ को उपनियम(४) को अनुसुची-१(क)मा सार्वजनिक निर्माण कार्य वा परामर्श सेवा सम्बन्धी कार्य सम्पादन गर्दा भैपरी आउने किसिमका खर्चलाई लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सी रकम र कार्यालय व्यवस्थापन खर्चको रुपमा समावेश गर्न सकिने गरी व्यवस्था भएको छ ।वर्क चार्ज स्टाफ खर्च र सानातिना अन्य खर्चमा वर्गीकरण गरी व्यवस्था भएको कन्टन्जेन्सी रकम एवं कार्यालयको व्यवस्थापन खर्च रकमलाई सम्बन्धित निर्माण कार्य वा परामर्श सेवासँग सम्बन्धित काममा मात्र मितव्ययी, प्रभावकारी एव पारदर्शी रुपमा खर्च गर्न वाञ्छनीय देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकाले यो निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सार्वजनिक खरिदमा कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७८" रहेको छ ।

२. यो निर्देशिका सम्वत २०७८ साल चैत्र १ गते देखि लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा-

(क) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले सार्वजनिक खरिद नियमावली, २०६४ सम्झनुपर्छ ।

(ग) "महानगर" भन्नाले भरतपुर महानगरपालिका सम्झनुपर्छ ।

(घ) "वर्क चार्ज स्टाफ खर्च" भन्नाले सम्बन्धित निर्माण कार्यको सुपरभिजन र प्रत्यक्ष रुपमा सम्बन्धित कर्मचारी खर्च, अपरेटर तथा सवारी चालक खर्च, सवारी साधन तथा मेशीनरी औजार उपकरणको मर्मत सम्भार खर्चलाई सम्झनु पर्छ ।

(ङ) "सानातिना अन्य खर्च" भन्नाले सम्बन्धित निर्माण कार्यसँग सम्बन्धित वोलपत्र/प्रस्ताव तयारी खर्च, सूचना प्रकाशन, इन्धन, स्टेशनरी, फर्निचर, टेलिफोन, विद्युत तथा पानी महसुल, छाता, रेनकोट

प्रमुख

महशुल सम्बन्धी खर्च, फोटोकपि/प्रिन्टर/कम्प्युटर, मोटरसाईकल/स्कुटर खरिद, बैठक भत्ता, अनुगमन भत्ता एवं नियमित रुपमा कार्यालय व्यवस्थापनको लागि आवश्यक पर्ने अन्य सामान सम्बन्धी खर्चलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## कन्टिजेन्सी रकम खर्च गर्ने प्रकृया

४.महानगर अन्तर्गत  यस दफाअनुसार कन्टिजेन्सीवाट सवारी साधन तथा स-साना मो.सा/स्कुटर खरिद गर्न सक्नेछन् ।

**५. कन्टिन्जेन्सी रकम खर्च गर्नेः** नियमावलीको नियम १० को उपनियम (७) को अनुसुची-१ मा व्यवस्थापन भएको कन्टन्जेन्सी खर्च अन्तर्गतको वर्क चार्ज स्टाफ खर्च अन्य सानातिना खर्चलाई दफा ३(घ) र ३(ङ) मा परिभाषा गरिएको आधारमा मात्र खर्च गर्नु पर्नेछ ।बर्क चार्ज स्टाफ खर्च र अन्य सानातिना खर्चको अधिकतम सीमा यस निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

**६. कन्टिजेन्सी खर्चको अभिलेख राखुपर्नेः** (१) उपदफा( ५) मा जुनसुकै कुरा लेखिएको भएतापनि धेरै योजनाहरु हुने बजेट उपशीर्षकहरु बढीमा रु २० लाख सम्म विनियोजित बजेट भएका को हकमा कन्टिजेन्सी खर्च गर्दा सम्बन्धित बजेट उपशीर्षकमा एकमुष्ट खर्च जनाउन सकिनेछ।

**७.वहुवर्षीय ठेक्कामा कन्टिजेन्सी खर्चको व्यवस्थापनः** सामान्यतया वहुवर्षीय ठेक्काका सम्बन्धमा चालु आर्थिक वर्षमा विनियोजित बजेटको अनुपातको सीमा भित्र रही यस निर्देशिकामा तोकिए बमोजिम कन्टिजेन्सी खर्च गर्नु पर्नेछ ।

**८.कन्टन्जेन्सी खर्च गर्ने सीमाः** (१) खर्च गर्न योग्य कन्टिन्जेन्सी रकमको गणना मूल्य अभिवृद्दि कर वाहेकको खरिद सम्झौता रकममा उपदफा(२) अनुसार तोकिएको प्रतिशतले हिसाव गरी गर्नु पर्नेछ । तर कुनै ठेक्का सम्झौता भई नसकेको अवस्थामा ठेक्का व्यवस्थापनका चरणमा उपदफा(२) अनुसार तोकिएको सीमाभित्र रही यो निर्देशिकामा तोकिए बमोजिम तयार गरिएको लागत अनुमानका आधारमा कन्टिजेन्सी रकम खर्च गर्न कुनै बाधा पुगेको मानिने छैन ।

**९.ऐन र नियमावली बमोजिमको प्रकृया अवलम्बन गर्नुपर्नेः** कन्टिन्जेन्सी रकम खर्च गर्दा ऐन, नियमावली र अन्य प्रचलित कानुन बमोजिमको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

प्रमुख

नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
२०७३

## परिच्छेद-३

## विविध

१०. **कन्टिजेन्सी रकमको लागत अनुमान तयार गर्नुपर्नेः** आयोजनाको लागत अनुमान स्वीकृत गर्दा नै कन्टन्जेन्सी वापत छुट्टाइएको रकम सम्बन्धमा यस निर्देशिकामा व्यवस्था गरिएको वर्क चार्ज र साना तिना अन्य खर्चको वर्गीकरण अनुसार के कस्तो कार्यमा कति खर्च हुने हो सो को अनुमानित लागत तयार गरी अधिकारप्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गराउनु पर्नेछ ।कन्टिन्जेन्सी जम्मा भएको रकमबाट यस्ता लागत अनुमान तयार गरी सम्पन्न गरिने साना तिना निर्माण कार्य गर्न कुनै वाधा हुने छैन ।

११. **कन्टिन्जेन्सी रकमको खर्चमा मितव्ययिता कायम गर्नुपर्नेः** (१) कन्टिन्जेन्सी रकम खर्च गर्दा मितव्ययी रुपमा गर्नु पर्नेछ ।

(२) सार्वजनिक खरिदको वोलपत्र आव्हान तथा अन्य सूचना पत्र पत्रिकामा प्रकाशन गर्दा छोटो रुपमा अत्यावश्यक जानकारी मात्रै प्रकाशन गरी सोको विस्तृत सूचना कार्यालय वा सार्वजनिक खरिद अनुगमन कार्यालयको बेबसाईटमा राख्नु पर्नेछ ।

१२. **निर्देशिका उल्लंघन गरी खर्च गरेमा विभागीय कारबाही गरिने** : यो निर्देशिकाको उल्लंघनगरी कन्टिजेन्सी रकम खर्च गरेमा सम्बन्धित कार्यालयको प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुखलाई विभागीय कारवाही गरिनेछ ।

१३. **बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा देखिएमा वा कुनै वाधा अड्काउ आईपरेमा वा कुनै संशोधन गर्न परेमा कार्यपालिकाले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा वाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ

प्रमुख